नेपाल सरकार

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

**वैकल्पिक ऊर्जा विकास समिति (गठन), आदेश २०५३ (संशोधन सहित)

विकास समिति ऐन, २०१३ को दफा १३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको  आदेश जारी गरेको छ ।

** १. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आदेशको नाम "वैकल्पिक ऊर्जा विकास समिति गठन आदेश २०५३" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा:-

(क) "समिति" भन्नाले दफा ३ वमोजिम  गठन भएको वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति सम्झनुपर्छ ।

*(ख) "वैकल्पिक ऊर्जा" भन्नाले सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जा, वायोजेनिक ग्यास, सल्फर स्प्रीङ्ग लगायतका वायोग्याँस सम्झनु पर्छ र सो शब्दले दश मेघावाटमा नबढाई मन्त्रालयले तोके वमोजिमको क्षमतासम्मको जलविद्युत, नवीकरणीय ऊर्जा तथा मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेका अन्य ऊर्जाहरु समेतलाई जनाउँछ ।

** (ख १) "ऊर्जा दक्षता" भन्नाले मेशिन, उपकरण वा उपायको माध्यमबाट सेवा वा वस्तुको उत्पादनमा आपूर्ति हुने ऊर्जाको परिमाणमध्ये खेर जाने ऊर्जाको हिस्सा न्यून गरी आवश्यक ऊर्जाको उपभोग घटाएर सेवा वा वस्तुको उत्पादन बृघिबाट ऊर्जाको उत्पादकत्व बढाउने कार्य सम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

***(ग२) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

**(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउछ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ७ वमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

** (ङ१) "मन्त्रालय" भन्नाले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

*३. **समितिको गठन :** (१) वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्नको लागि वैकल्पिक उर्जा विकास समिति नामको एउटा समिति रहनेछः-

---

* पाँचौं संशोधनद्धारा संशोधित

*** छैठौं संशोधनद्धारा संशोधित

** सातौं संशोधनद्वारा संशोधित

** (२) समितिको गठन देहाय वमोजिम हुनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, ऊर्जा जलस्रोत तथा सिंचाइ | -अध्यक्ष |
| (ख) | सदस्य, राष्ट्रिय योजना आयोग (ऊर्जा क्षेत्र हेर्ने) | -उपाध्यक्ष |
| (ग) | सचिव, मन्त्रालय | -सदस्य |
| (घ) | प्रतिनिधि, (रा.प.प्रथम श्रेणी) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | -सदस्य |
| (ङ) | प्रतिनिधि, (रा.प.प्रथम श्रेणी) वन तथा वातावरण मन्त्रालय | -सदस्य |
| (च) | प्रतिनिधि, (रा.प.प्रथम श्रेणी) अर्थ मन्त्रालय | -सदस्य |
| (छ) | कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | -सदस्य |
| (ज) | वैकल्पिक ऊर्जा वा ऊर्जा दक्षतामा कर्जा प्रवाह गर्ने नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त “क” वर्गका बैंक मध्ये समितिको सिफारिसमा मन्त्रालयले मनोनयन गरेको एक जना प्रतिनिधि | -सदस्य |
| (झ) | वैकल्पिक ऊर्जा वा ऊर्जा दक्षता प्रविधिको विकास सम्बन्धी काममा संलग्न गैर सरकारी संस्थामध्ये समितिको सिफारिसमा मन्त्रालयले मनोनयन गरेको एक जना प्रतिनिधि | -सदस्य |
| (ञ) | लघु जलविद्युत, सौर्य ऊर्जा तथा वायोग्याँसको क्षेत्रमा कार्यरत निजी क्षेत्रका संघ संस्था मध्ये समितिको सिफारिसमा मन्त्रालयले मनोनयन गरेको एक जना प्रतिनिधि | -सदस्य |
| (ट) | कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | -सदस्य-सचिव |

** (३) उपदफा (२) को खण्ड (ज), (झ) र (ञ) बमोजिमका सदस्य मनोनयन गर्दा मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा स्नातकोत्तर उपाधी हासिल गरी वैकल्पिक ऊर्जा वा ऊर्जा दक्षताको क्षेत्रमा कम्तीमा पाँच वर्ष कार्य गरेका व्यक्तिहरुमध्येबाट गर्नु पर्नेछ ।

***(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ र निजहरु पुनः मनोनयन हुन सक्नेछन् ।

***(५) समितिले आवश्यक देखेमा सम्बन्धित क्षेत्रको विशेषज्ञलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. <u>समितिको काम, कर्तव्य र अधिकार :</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

*(क) वैकल्पिक ऊर्जा प्रविधिको विकास र विस्तारको लागि उपयुक्त नीति तथा कार्यक्रमहरु तर्जुमा गरी वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धन तथा विस्तार गर्ने ।

(ख) वैकल्पिक ऊर्जा प्रविधिको गुणस्तर मापन तथा निर्धारण गर्ने ।

---

* पाँचौ संशोधनद्वारा संशोधित

*** छैठौं संशोधनद्वारा संशोधित

** सातौं संशोधनद्वारा संशोधित

**(ग) नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तराष्ट्रिय संघ–संस्थाबाट प्राप्त स्रोत साधनको आधारमा तयार गरिने वैकल्पिक ऊर्जा तथा ऊर्जा दक्षता विकास कार्यक्रमहरु प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रुपमा कार्यान्वयन गर्ने, गराउने ।

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु बीच वैकल्पिक ऊर्जा प्रविधि विकास सम्बन्धी बिषयहरुमा जानकारी प्राप्त गर्न वैकल्पिक ऊर्जा प्रविधि सम्बन्धी नेटवर्क स्थापना गरी सो को विस्तार गर्ने ।

(ङ.) वैकल्पिक ऊर्जा प्रविधि विकासको लागि सूचना तथा तथ्यांकहरु संकलन एवं विश्लेषण गर्ने र यसका लागि वैकल्पिक ऊर्जा सम्बन्धी नमूना आयोजनाहरु तर्जुमा एवं कार्यान्वयन गर्ने र सो सम्बन्धी पुस्तिका, लेख प्रकाशन एवं प्रदर्शन गर्ने, गराउने ।

(च) वैकल्पिक ऊर्जा विकास कार्यक्रममा निजी क्षेत्रलाई सहभागी गराई वैकल्पिक ऊर्जाको प्रयोगमा व्यापकता ल्याउन बैंक तथा वित्तीय संस्थाहरुको ऋण प्रवाहको लागि उपयुक्त वातावरण श्रृजना गर्ने र सरकारी अनुदानलाई प्रभावकारी बनाउन आवश्यक सहयोग पुऱ्याउने ।

(छ) वैकल्पिक ऊर्जा प्रविधिको विकास, विस्तार एवं संचालन गर्ने सम्बन्धमा सम्बन्धित निकायहरुलाई आवश्यक परामर्श सेवाहरु प्रदान गर्ने ।

***(छ१) वैकल्पिक ऊर्जा तथा नवीकरणीय ऊर्जाका सम्वन्धमा राष्ट्रिय संस्था (नेशनल फोकल एजेन्सी) को रुपमा कार्य गर्ने ।

(ज) समितिको बार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृत गर्ने ।

*(झ) वैकल्पिक ऊर्जा प्रविधिको प्रवर्द्धन, विकास तथा विस्तारको लागि नेपाल सरकार, विदेशी सरकार, राष्ट्रिय वा अन्तराष्ट्रिय संघ संस्थाहरुबाट आवश्यक ऋण, अनुदान तथा सहयोग प्राप्त गर्ने ।

++(झ१) वैकल्पिक ऊर्जा प्रविधि विकास र विस्तारको लागि दफा ४क. को अधिनमा रही ऋण प्रवाह गर्ने ।

(ञ) समितिको कार्यसंचालनको लागि आवश्यकतानुसार कर्मचारीहरु नियुक्त गर्ने ।

(ट) वैकल्पिक ऊर्जा सम्बन्धी राष्ट्रिय वा अन्तराष्ट्रिय गोष्ठी, सेमिनार तथा सीपमूलक तालिम संचालन गर्ने ।

(ठ) वैकल्पिक ऊर्जा विकास एवं विस्तारमा भएका प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भएका लगानीका उपलब्धीको समीक्षा गरी प्राप्त उपलब्धीहरुलाई मार्गदर्शनको रुपमा लिने ।

+++(ठ१) समितिको कामको नियमित अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कनको व्यवस्था गर्ने ।

**(ठ२) नवीकरणीय ऊर्जा सम्बन्धी जलवायु परिवर्तन तथा कार्वन उत्सर्जन न्यूनीकरण सम्बन्धी बिभिन्न कार्यक्रम संचालन गर्ने ।

**(ठ३) ऊर्जा दक्षता सम्बन्धी कार्यहरु गर्ने ।

(ड) समितिको उद्देश्य प्राप्तिका लागि गर्नुपर्ने अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

---

+++ चौथो संशोधनद्वारा थप

* पाँचौ संशोधनद्वारा थप

***छैठौंसंशोधनद्वारा थप

**सातौं शोधनद्वारा थप

++ तेस्रो शोधनद्वारा थप

++४क. **ऋण प्रवाह सम्वन्धी व्यवस्था :** (१) समतिले आफुलाई प्राप्त रकमवाट वैकल्पिक ऊर्जा प्रविधिको विकास र विस्तारको लागि यस दफाको अधिनमा रही आफै वा प्रचलित कानून वमोजिम स्थापित संस्था मार्फत ऋण प्रवाह गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम ऋण प्रवाह गर्दा समितिले तोकिए वमोजिमको व्याज लिन सक्नेछ ।

(३) समितिले ऋण प्रवाह गर्न कार्यक्रम र क्षेत्रको छनौट गर्दा विशेषगरी दुर्गम ग्रामीण क्षेत्र र पिछडिएको जनसमुदायको आयवृद्धि हुने गरी छनौट गर्नुपर्नेछ ।

(४) उपदफा (१) वमोजिम प्रवाह हुने ऋणवाट समितिले निर्धारण गरेको क्षेत्र र कार्यक्रम विपरित हुने गरी कार्यक्रम संचालन गर्न पाइने छैन ।

(५) उपदफा (१) वमोजिम प्रवाह हुने ऋण र सोवाट प्राप्त हुने मुनाफाको विवरण पारदर्शी ढंगले खुल्ने गरी समितिले एउटा छुट्टै वैंक खाता खोली तोकिए वमोजिम संचालन गर्नेछ ।

***४ख. **वैकल्पिक ऊर्जा खरिद गर्न सक्ने :** वैकल्पिक ऊर्जा सम्बन्धी योजना सञ्चालन गरी उत्पादन गरिएको विद्युत स्थानीय रुपमा खपत नहुने भएमा र त्यस्तो विद्युत केन्द्रीय प्रसारण लाइनमा जोड्न मिल्ने भएमा समितिको सिफारिसमा नेपाल सरकारले त्यस्तो विद्युत खरिद गर्न तथा केन्द्रीय प्रसारण लाइनमा जोड्न सक्नेछ ।

५. **समितिको वैठक र निर्णय :** *(१) समितिको वैठक आवश्यकता अनुसार अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

तर बर्षमा कम्तीमा दुई पटक समितिको वैठक बस्नु पर्नेछ ।

(२) समितिको कम्तीमा एक तिहाई सदस्यहरुले समितिको वैठकको लागि लिखित माग गरेमा समितिको सदस्य सचिवले अध्यक्षलाई जानकारी गराई समितिको बैठक बोलाउनुपर्नेछ ।

(३) समितिको सदस्य सचिवले वैठक बस्ने सूचनाको साथमा वैठकमा छलफल हुने बिषयहरुको सूची सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

**(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **उप-समिति गठन गर्न सक्ने :** समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन आवश्यक उप-समितिहरु गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य, अधिकार तथा वैठक सम्बन्धी कार्यविधि समितिले तोकिदिएबमोजिम हुनेछ ।

---

* पाँचौ संशोधनद्वारा थप

*** छैठौ संशोधनद्वारा संशोधित

** सातौं संशोधनद्वारा संशोधित

++ तेस्रो संशोधनद्वारा थप

***७. **कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः** (१) समितिको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्न समितिमा एकजना कार्यकारी निर्देशक रहनेछ ।

(२) नेपाल सरकारले उपदफा (३) बमोजिमको समितिको सिफारिसमा कार्यकारी निर्देशकको नियुक्ति गर्नेछ ।

(३) कार्यकारी निर्देशकको नियुक्तिको लागि सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछः-

(क) राष्ट्रिय योजना आयोगको सदस्य (सम्बन्धित क्षेत्र हेर्ने) -संयोजक
(ख) मन्त्रालयको सचिव -सदस्य
(ग) वैकल्पिक ऊर्जाको क्षेत्रमा काम गरेका विशेषज्ञहरुमध्येबाट समितिले तोकेको एकजना -सदस्य

(४) उपदफा (३) बमोजिमको समितिले मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, व्यवस्थापन, इन्जिनियरिङ्ग वा ऊर्जा सम्बन्धी बिषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी वैकल्पिक ऊर्जाको क्षेत्रमा कम्तीमा दश बर्ष काम गरेका व्यक्तिहरुमध्येबाट खुल्ला प्रतिस्पर्धाको आधारमा छनौट गरी तीनजनाको नाम कार्यकारी निर्देशकको रुपमा नियुक्त गर्न नेपाल सरकार समक्ष सिफारिस गर्नेछ र नेपाल सरकारले त्यसरी सिफारिस भएका व्यक्तिहरुमध्येबाट एकजनालाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(५) कार्यकारी निर्देशकको पदावधि चार बर्षको हुनेछ र निजको काम सन्तोषजनक देखिएमा उपदफा (३) बमोजिमको समितिको सिफारिसमा नेपाल सरकारले थप एक पटकको लागि निजलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्न सक्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा समितिको हित विपरीत कुनै काम गरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी कार्यकारी निर्देशकको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन ।

(७) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **वैठक भत्ता :** समिति तथा उप-समितिका सदस्यहरुले वैठकमा भाग लिए वापत समितिले तोके वमोजिमको वैठक भत्ता पाउनेछन् ।

९. **कर्मचारी सम्वन्धी व्यवस्था :** (१) समितिको कार्य संचालनको लागि समितिले आवश्यक कर्मचारीहरु नियूक्त गर्नेछ ।

(२) उपदफा (१) वमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधाहरु तेकिएवमोजिम हुनेछ ।

*** छैठौ संशोधनद्वारा संशोधित

१०. **समितिको कोष :** (१) समितिको आफनो छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) वमोजिमको कोषमा देहायका रकमहरु रहने छन्ः-

(क) नेपाल सरकारवाट प्राप्त रकम
(ख) विदेशी सरकार, राष्ट्रिय वा अर्न्तराष्ट्रिय संघ-संस्थावाट प्राप्त प्राप्त सहयोग, अनुदान वा ऋण ।
(ग) समितिले आफ्नो सेवावाट आर्जन गरेको रकम ।
(घ) स्वदेशी वा विदेशी संघ-संस्था वा व्यक्तिवाट प्राप्त दान, दातव्यको रकम ।
(ङ.) समितिले दान वा चन्दाको रुपमा प्राप्त गरेको रकम ।
(च) अन्य कुनै स्रोतवाट प्राप्त रकम ।

(३) समितिको तर्फवाट गरिने सम्पूर्ण खर्च उपदफा (१) वमोजिमको कोषवाट व्यहोरिनेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि समितिले विदेशी सरकार, अन्तराष्ट्रिय संघ-संस्था वा विदेशी संघ-संस्था वा व्यक्तिवाट कुनै पनि किसिमको सहयोग, अनुदान, ऋण, दान, दातव्य वा उपहार प्राप्त गर्दा नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(५) समितिले नेपाल सरकार, विदेशी सरकार, व्यक्ति वा संघ-संस्थाबाट प्राप्त गरेको रकम जुन कार्यक्रमको लागि प्राप्त गरेको हो सोही कार्यक्रममा खर्च गर्नुपर्नेछ ।

(६) समितिको कोषको संचालन तोकिएबमोजिम हुनेछ ।

*** (७) उपदफा (१) बमोजिमको कोषको रकम समितिले तोकेको नेपालभित्रको “क” वर्गको वैंक तथा वित्तीय संस्थामा समितिको नाममा खाता खोली जम्मा गरिनेछ ।

११. **लेखापरीक्षण :** (१) समितिको आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण महालेखापरीक्षकको विभागबाट हुनेछ ।

(३) नेपाल सरकारले चाहेमा जुनसुकै बखत समितिको हिसाव किताव जाँच वा जाँच्न लगाउन सक्नेछ ।

+१२. **अधिकार प्रत्यायोजन :** समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये सबै वा कुनै अधिकार आवश्यकतानुसार अध्यक्ष, उपाध्यक्ष, सदस्य, कार्यकारी निर्देशक, उप-समिति वा समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

*१३. **नियम बनाउने अधिकार :** यस आदेशको उद्देश्य प्राप्तिको लागि समितिले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

*** तर त्यस्ता नियमहरु मन्त्रालयबाट स्वीकृत भएपछि मात्र लागू हुनेछन् ।

---

+ प्रथम संशोधनद्वारा संशोधित

*** छैठौं संशोधनद्वारा संशोधित

* पाँचौ संशोधनद्वारा संशोधित

***१४. **<u>नेपाल सरकारसँग सम्पर्क :</u>** समितिले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

*१५. **<u>समितिको कार्यालय र नाम :</u>** (१) समितिको मुख्य कार्यालय काठमाण्डौ उपत्यकामा रहनेछ र सो कार्यालय “वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र” को नामबाट प्रचलित हुनेछ ।

(२) समितिले आवश्यक ठानेमा काठमाण्डौ उपत्यका वाहिर आफ्नो सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

---

* पाँचौ संशोधनद्वारा संशोधित

*** छैठौं संशोधनद्वारा संशोधित